# यौन तथा प्रजनन् स्वास्थ्य मेला (SRHR Mela)

## प्रेश विज्ञप्ती

**मितिः २०८१ असोज ०९ गते**

२०८१ असोज ७ र ८ गते कोशी प्रदेशको विराटनगरमा कोशी प्रदेशका माननीय उप-सभामुख सिर्जना दनुवारको प्रमुख आतिथ्यता र ओरेकका अध्यक्ष सविता पोखेलको अध्यक्षतामा यौन तथा प्रजनन् स्वास्थ्य मेला (SRHR Mela) सम्पन्न भएको छ। समुदाय तहमा रहेका यौन तथा प्रजनन् स्वास्थ्य सवालको पहिचान गरी महिलावादी दृष्टिकाणबाट व्याख्या विश्लेषण गर्ने, महिला तथा पछाडि पारिएका समुदायलाई यौन तथा प्रजनन् स्वास्थ्य सेवाहरु विशेष गरी कृत्रिम गर्भधारणको सम्बन्धमा सबै सरोकारवालाहरु बीच समान बुझाई स्थापित गरी यसमा सबैको सहज पहुँचको अधिकार सुनिश्चितता लागि भएको प्रणालिगत अवरोधहरुको पहिचान तथा नीतिगत पैरवी गर्ने उद्देश्यले यस मेलाको आयोजना गरिएको थियो ।

***"एकल होस् वा दम्पत्तिः कृत्रिम गर्भधारणमा सबैको समान पहुँचको अधिकार"*** भन्ने मूल नारा सहित सम्पन्न यस कार्यक्रममा यौन तथा प्रजनन् स्वास्थ्य सवालमा विशेष गरी निःसन्तानपन र बाँझोपनको समस्या सम्बोधनका सवाल तथा नीतिगत अवरोधहरु सम्बन्धि अनुसन्धानको नतिजामा आधारित विश्लेषणात्मक प्रस्तुतीकरण गरिएको थियो । साथै माथि उल्लेखित नारा र शिर्षकमा केन्द्रीत रही प्यानल छलफल कार्यक्रमको समेत आयोजना गरिएको थियो । प्यानल छलफलमा वक्ताको रुपमा स्वास्थ्य मन्त्रालयका सचिव डा. राधिका थपलिया, नेपाल परिवार नियोजन संघका डा.रितु चौधरी, युवा महिला अधिकारकर्मी, ACORAB का महासचिव तथा सञ्चारकर्मी बन्दना दनुवार, सेन्टर फर रिप्रोडक्टिभ राइट्स (CRR) का बरिष्ठ कानुनी सल्लाहकार प्रभाकर श्रेष्ठ रहनु भएको थियो भने प्यानल छलफलको सहजीकरण अधिवक्ता शोभा बजगाईँले गर्नुभएको थियो । छलफलमा यौन तथा प्रजनन् स्वास्थ्यको मुख्य सवालको रुपमा निःसन्तानपन भए पनि यो सवाल छायाँमा परेको, निःसन्तानपन हुनुमा महिला मात्रै जिम्मेवार हुन्छन् भन्ने सोचका कारणले महिलाहरुले धेरै हिंसा र लाञ्छना भोग्नु परेको, जसले गर्दा प्रत्येक व्यक्तिले आत्म-सम्मानपूर्वक हिंसा रहित वातावरणमा बाँच्न पाउने संविधान प्रदत्त अधिकार कुण्ठित भएको, निःसन्तानपन भएका दम्पत्तिहरुलाई उचित र सर्वसुलभ तरिकाले उपचार तथा परामर्शको व्यवस्था नभएको, समुदाय तहमा कृत्रिम गर्भधारण सम्बन्धी सूचना तथा जानकारी नभएको र यस सम्बन्धी स्वास्थ्य सेवाहरु पहुँचयोग्य नभएको जस्ता सवालहरुमा छलफल भएको थियो । साथै, वक्ताहरुले जुन सुकै व्यक्ति वा लैङ्गिक पहिचान भएका व्यक्तिहरुको आफ्नो शरीरमाथि आफ्नो नियन्त्रण हुनु पर्ने र बच्चाको चाहाना राख्ने व्यक्ति वा दम्पत्तिहरुले स्वःनिर्णयको आधारमा कृत्रिम गर्भधारणमा सबैको समान, समावेशी र सहज पहुँचको अधिकार सुनिश्चित हुनुपर्ने भन्ने विषयमा छलफल गरिएको थियो । यसका साथै निःसन्तानपन एउटा व्यक्ति वा दम्पत्तीरुको भावनासंग जोडिएको सवाल हो र सबै व्यक्तिहरूलाई आफ्नै निर्णयको आधारमा कृत्रिम गर्भाधारणमा सहज पहुँचको अधिकार सुनिश्चित गर्नु राज्यको दायित्व हो भन्ने विषयमा सहभागीहरुले जोड दिएका थिए ।

प्यानल छलफलको अन्त्यमा निःसन्तानपनको सवाललाई पैरवीको मुख्य सवालको रुपमा लिएर संयुक्त रुपमा उठान गर्नुपर्ने, मानवअधिकारमुखी दृष्टिकोणबाट यसको व्याख्या विश्लेषण गरी सम्बोधनको लागि ठोस योजना निर्माण गर्नुपर्ने, कृत्रिम गर्भाधारणमा सरोगेसीलाई पनि मुख्य पाटोको रुपमा हेरेर सोही बमोजिम नीतिगत व्यवस्था गर्नुपर्ने, स्वःनिर्णयको आधारमा आफ्नो गर्भाशय प्रयोग गरी सरोगेट बन्न इच्छुक महिलाको श्रमको उचित मूल्यांकन हुनुपर्ने तथा सुरक्षित र शोषणमूक्त भई सरोगेट बन्न सक्ने वातावरण सिर्जना गर्नुपर्ने, कृत्रिम गर्भाधारणको प्रविधिमा सबैको समान र सहज पहुँचको व्यवस्था हुनुपर्ने, महिला र पुरुष दुवैमा बढ्दो निःसन्तानपनको कारण पत्ता लगाएर सम्बोधनको लागि रणनीति बनाउनु पर्ने जस्ता सुझावहरु दिएका थिए । साथै मुख्य वक्ताको रुपमा बोल्दै **स्वास्थ्य मन्त्रालयका सचिव डा. राधिका थपलियाले** समुदाय स्तरमा निःसन्तानपनको समस्याहरु बढ्दै गएको प्रति नेपाल सरकार पनि संवेदनशील रहेको र समस्या सम्बोधनका लागि स्थानीय तहमा रहेका स्वास्थ्य संस्थाहरुमा नै निःसन्तानपन सम्बन्धी परामर्शको व्यवस्था गर्ने तथा प्रादेशिक अस्पतालबाट यसको

Regd. No.: 392/047/048

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

उपचारको शुरुवात गर्न र यसका लागि सम्बन्धित कर्मचारीहरुको क्षमता अभिबृद्धिको तयारी भइरहेको जानकारी गराउनु भएको थियो ।

कार्यक्रममा कोशी प्रदेशका माननीय उपसभामुख, माननीय सांसदहरु, मानव अधिकार आयोगका प्रतिनिधिहरु, स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरु, सामुदायिक संघ संस्थाका प्रतिनिधिहरु, महिला मानव अधिकार रक्षकहरु, सामुदायि संघ संस्थाका प्रतिनिधिहरु र सामाजिक रुपान्तरणमा आस्था राख्ने अधिकारकर्मीहरु, सञ्चारकर्मीहरु सहित मोरंग, सुनसरी, झापा, धनकुटा, उदयपुर लगायतका जिल्लाहरुबाट १५० जना भन्दा बढीको सहभागिता रहेको थियो । कार्यक्रमको अन्त्यमा महिला स्वास्थ्य अधिकारको सवाललाई संगठित रुपमा पैरवी गर्ने उद्देश्यले लेटाङ्ग नगरपालिकाको चण्डिका महराको संयोजकत्वमा जिल्ला स्तरीय **महिला स्वास्थ्य अधिकार पैरवी सञ्जाल** गठन गरिएको छ ।

सुनिता मैनाली
**कार्यकारी निर्देशक**

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu , Nepal Tel: (977)-01-2123124; (977)-01-5006373; (977)-01-5006374 Fax: (977)-01-5006271 Email : ics@worecnepal.org URL : www.worecnepal.org